प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : २९० ।। २०८१ मंसिर २६ गते बुधबार (11th Dec 2024 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

# पूर्वमेयर शिवाकोटीलाई जोगाउन ठूलो धनराशिको प्रलोभन !



झापा(प्रस) । नाबालिका बलात्कारको आरोपमा पक्राउ परेका बिर्तामोड नगरपालिकाका पूर्वमेयर तथा एमालेका जिल्ला सदस्य ध्रुवकुमार शिवाकोटीलाई जोगाउन पीडित परिवारलाई ठूलो धनराशिको प्रलोभन देखाइएको छ । नाबालिकालाई पटक पटक बलात्कार गरेको आरोपमा पूर्वमेयर शिवाकोटीलाई सोमवार प्रहरीले पक्राउ गरेको हो । उनीविरुद्ध पीडितकी हजुरआमाले इलाका प्रहरी कार्यालय बिर्तामोडमा जबर्जस्ती करणी मुद्दामा सोमवार नै जाहेरी दिइसकेकी छन् । त्यस मुद्दालाई अगाडि नबढाउन भनेर पीडित परिवारलाई ठूलो धनराशिको प्रस्ताव गरिएको एक आफन्तले बताए । उनले कुनै पनि प्रलोभनमा नपरी पीडितलाई न्याय दिलाएरै छाड्ने जानकारी दिए । पीडित बालिका , प्रहरी र उद्धार गर्ने आफन्त नेपालका प्रतिनिधिसहितको टोलीले मंगलवार बिहान शिवाकोटीको बिर्तामोड- ५ स्थित घरमा पुगेर मुचुल्का उठाउने काम गरेको थियो । बलात्कारको मुद्धालाई ढिसमिस गराउन शिवाको टी परिवारसंगै पार्टीपंक्ति पनि लागेको ती आफन्तले आरोप लगाएका छन् ।

यसैबीच नाबालिका बलात्कारको आरोपी शिवाकोटीमाथि चार वटा महिला संगठनहरुले हदैसम्मको कार्बाहीको माग गरेका छन् ।

बलात्कारजस्तो जघन्य अपराधमा पक्राउ परेका शिवाकोटीलाई जोगाउने षडयन्त्र भइरहेको भन्दै विभिन्न राजनीतिक दलनिकट महिला संगठनहरुले प्रेस विज्ञप्तिमार्फत प्रहरी प्रशासनको ध्यानाकर्षण गराएका हुन् । 'लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान र त्यससम्बन्धी विषयमा विभिन्न छलफल र गोष्ठीहरु चलिरहेकै बेला एउटा राज्यको स्थानीय सरकारको समेत नेतृत्व गरिसकेका व्यक्ति यस्तो हर्कतमा उत्रिनु अत्यन्तै निन्दनीय कार्य भएको र सम्पूर्ण नगरबासीले शिर निहुर्याउनु पर्ने अवस्था सिर्जना भएको छ ' विज्ञप्तिमा भनिएको छ ,'मानवीय मूल्य र मान्यताबिपरित गरिएको यस्तो जघन्य अपराधमा संलग्न बिर्तामोडका शिवाकोटीलाई हदैसम्मको कार्बाही गरियोस् भनी जोडदार माग गर्दछौं ।'

उनीहरुले पहुँचको आधारमा दोषीले उन्मुक्ति पाउने कार्य गरे कडा प्रतिकारमा उत्रन बाध्य हुने चेतावनी दिएका छन् । साथै पीडित बालिकाको स्वास्थ्य अवस्था चेकजाँच गरी उनको प्रभावकारी उपचारका साथै जीउज्यानको आवश्यक सुरक्षा व्यवस्था गर्न मागसमेत गरेका छन् । अनेम संघ (क्रान्तिकारी) झापाकी अध्यक्ष तारा श्रेष्ठ, अनेम संघ (समाजवादी) झापाकी अध्यक्ष हरिमाया न्यौपाने , राष्ट्रिय प्रजातान्त्रिक महिला संगठन झापाकी सचिव शिखा खड्का (गणेश) र अनेम संघ (क्रान्तिकारी )झापाकी अध्यक्ष दिलकुमारी सीले संयुक्तरुपमा विज्ञप्ति जारी गरेका हुन् ।

शिवाकोटीलाई ४ दिन हिरासतमा राख्न अनुमति घरेलु कामदारको रुपमा राखिएकी १६ वर्षीया नाबालिकालाई पटक पटक जबरजस्ती करणी (बलात्कार) गरेको आरोप लागेका बिर्तामोड नगरपालिकाका पूर्व नगरप्रमुख शिवाकोटीलाई ४ दिन हिरासतमा राख्न झापा जिल्ला अदालतले अनुमति दिएको छ । अदालतले शिवाकोटीलाई बलात्कार आरोपमा अनुसन्धान गर्न तत्काललाई चार दिन हिरासतमा राख्न अनुमति दिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी कृष्णकुमार चन्दले बताए । यो अवधिमा प्रहरीले प्रारम्भिक अनुसन्धान र सोधपुछ गर्नेछ । त्यसपछि अनुसन्धानका लागि थप समय हिरासतमा राख्नलाई फेरि समय माग्नेछ । आफ्नै घरमा राखेको नाबालिकालाई पटक पटक करणी गरेको आरोपमा शिवाकोटी पक्राउ परेका हुन् ।

करिब ८ बर्ष अघिदेखि शिवाकोटीको बिर्तामोड-५ स्थित घरमा घरेलु कामदारका रुपमा काम गर्दै आएकी १७ बर्षिया नाबालिकालाई शिवाकोटीले पटकपटक करणी गरेको प्रहरीसँगको बयानमा खुलेको छ ।

बाबुको मृत्यु भएपछि ती किशोरी बिर्तामोडस्थित एक आफन्तकोमा बस्दै आएकी थिइन् । शिवाकोटीका टाढाका आफन्त पर्नेका घरमा बस्दै आएकी किशोरीलाई आफ्नो घरमा राखेर पढाउने भनेर शिवाकोटीले लिएर गएका थिए ।

बाबुको मृत्यु भएपछि काँकडभिट्टामा रहेका आफन्तकोमा बस्दै आएकी उनकी आमाले पनि दोस्रो विवाह गरेकी छन्। दोस्रो विवाह गरेर उनी भारतको आसाम गएकी थिइन् । उनको पनि मृत्यु भइसकेको बताइएको छ । स्थानीय एक बिद्यालयमा ११ कक्षामा अध्ययनरत रहेकी उनलाई शिवाकोटीले पटक पटक करणी गरेको बताइएको छ । शिवाकोटीको शारीरिक शोषण सहन नसकेकी उनी भागेर भारतको आसाम जान लागेकी थिइन् । काँकडभिट्टा गेटमा शंकास्पद रुपमा भारत जान लागेकी उनलाई आफन्त नेपालका प्रतिनिधिले रोकेर सोधपुछ गरेका थिए । संस्थाका एक प्रतिनिधिका अनुसार स्कुल ड्रेसमा रहेकी उनी फेरि त्यहि घरमा जानुपर्छ भनेर अतालिएकी थिइन्। फकाएर सोधीखोजी गर्दा शिवाकोटीको कर्तुतका बारेमा खुलेको उनले जानकारी दिए ।

सोधपुछका क्रममा शिवाकोटीले जवरजस्ती करणी गर्ने गरेका कारण नेपालमा बस्न नसकेको प्रतिक्रिया दिएकी थिइन् । त्यसपछि प्रहरीले शिवाकोटीलाई नियन्त्रणमा लिएको हो । २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेकपा एमाले पार्टीबाट प्रतिनिधित्व गर्दै उनी बिर्तामोड नगरपालिकामा निर्वाचित भएका थिए ।

## शिवाकोटी अस्पताल भर्ना

झापा(प्रस) । आफ्नै घरमा राखेको १६ वर्षीया नाबालिकालाई पटक पटक करणी गरेको आरोपमा पक्राउ परेका बिर्तामोड नगरपालिकाका पूर्व नगर प्रमुख ध्रुवकुमार शिवाकोटी अस्पताल भर्ना भएका छन् । उनलाई बीएण्डसी अस्पतालमा सोमवार साँझ भर्ना गरिएको हो ।

पक्राउ परेपछि शिवाकोटीलाई स्वास्थ्य परीक्षणका लागि भद्रपुर स्थित प्रादेशिक अस्पताल लगिएको थियो । त्यहाँ अस्वस्थ भएपछि उनलाई बीएण्डसी अस्पताल भर्ना गरिएको प्रहरीले जनाएको छ ।

मंगलवार उनलाई म्याद थपका लागि झापा जिल्ला अदालत लगिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले जानकारी दिए । अदालतले अनुसन्धानका लागि चार दिनको म्यादथप गरेको छ त्यस्तै पीडित बालिकाको स्वास्थ्य परीक्षण गरिएको छ ।

## अलपत्र जीपी भवन र अरनिको मावि निर्माण गर्न माग

• द्रोण अधिकारी

भद्रपुर । झापा सदरमुकाम भद्रपुरमा वर्षौंदेखि अलपत्र छाडिएका दुई महत्वपूर्ण संरचना निर्माण सम्पन्न गर्न माग गर्दै भद्रपुर नगरपालिकाले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ ।



अलपत्र गिरिजाप्रसाद कोइराला स्मृति भवन र अरनिको माविको भवनको निर्माण रोकिएको डेढ दशक भइसकेको भन्दै कानुनी प्रकृया मिलाएर ती भवन निर्माण सम्पन्न गराउन ध्यानाकर्षण गर्दै नगर प्रमुख गणेश पोखरेलले प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाएका हुन् । संघीय गणतन्त्र नेपालको प्रतीकका रूपमा कोशी प्रदेशकै ठूलो सभाहलसहित बहुउपयोगी भवनको अवधारणा लिएर भण्डै एक दशकयता निर्माण कार्य थालनी भएको गिरिजाप्रसाद कोइराला स्मृति भवन निर्माण रोकिएर अलपत्र बनेको पनि ६ वर्ष पूरा भएको छ ।

भद्रपुर ८ को मेची रंगशाला पश्चिममा रहेको झापा जिल्लाकै गौरवको आयोजना भनिएको गिरिजाप्रसाद कोइराला स्मृति भवनको निर्माण कार्य ९ वर्ष अगाडि थालिएपनि निर्माण सम्पन्न गर्ने मिति समेत गुज्रिएर अलपत्र परेको छ ।

२०७२ साल असार २८ मा तत्कालीन

❖ बाँकी तेस्रो पृष्ठमा

## मेचीनगरले प्रधानमन्त्रीलाई बुझायो ३१ बुँदे योजना

• लक्ष्मी उप्रेती

बाहुनडाँगी। मेचीनगर नगरपालिकाले नगरभित्रका विभिन्न योजना तथा कार्यक्रम समावेश गरिदिन आग्रह गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीलाई अनुरोधपत्र बुझाएको छ। सडक, पुल, बसपार्क, खेलमैदान, भवन र अन्य कार्यक्रमसहित ३१ बुँदे योजना तथा कार्यक्रम नगर प्रमुख गोपालचन्द्र बुढाथोकी र उपप्रमुख मीना पोख्रेल उप्रेतीले संयुक्तरुपमा प्रधानमन्त्री ओलीलाई बुझाएका हुन् ।

प्रधानमन्त्री ओली झापा भ्रमणमा आएका बखत मेचीनगर–४ स्थित आमडाँगीमा भएको कार्यक्रममा उक्त अनुरोधपत्र बुझाइएको उपप्रमुख उप्रेतीले जानकारी दिइन् ।

उनका अनुसार आठवटा सडक, नौवटा पुल, एक/एकवटा बसपार्क र खेलमैदान र एघारवटा अन्य कार्यक्रम अनुरोधपत्रमा समेटिएको छ । नगरकै गौरवको योजनाको रुपमा रहेको मेचीनगर–८ मा निर्माण गरिएको महिला सीप विकास केन्द्र सञ्चालनका लागि विशेष योजना सरकारसँग माग गरिएको छ। यसैगरी, मेचीनगर

❖ बाँकी तेस्रो पृष्ठमा

## अर्जुनधाराका अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न माग

झापा(प्रस) । अर्जुनधारा नगरपालिकाले नगरभित्रका मुख्य समस्याका बारेमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई अवगत गराउँदै समाधानका लागि आग्रह गरेको छ ।

अर्जुनधारा नगरपालिकामा अव्यवस्थित बसोबासीको व्यवस्थापनको निमित्त विशेष आयोगको गठन गर्नुपर्ने माग गरिएको नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङले बताए । त्यस्तै विरिङ पुल निर्माण, वडा नं १ मा रहेको नेपाली सेनासँगको विवादित जग्गा व्यवस्थापनका लागि पनि प्रधानमन्त्रीलाई आग्रह गरिएको उनले बताए । मागपत्रमा विकास निर्माणसम्बन्धी अन्य विभिन्न आयोजनाहरुका लागि बजेट व्यवस्थापन तथा आवश्यक पहल गरिदिनुहुन अनुरोध गरिएको छ । नगरप्रमुख गोम्देन र उपप्रमुख खड्गमाया पराजुलीले प्रधानमन्त्री ओलीलाई मागपत्र पेश गरेका थिए ।

# झापा कारागारका महिला बन्दीलाई ट्यूवेल प्रदान

भद्रपुर(प्रस) । लैंङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत एबिसी नेपालको समन्वय र मानव अधिकारका लागि महिला एकल महिलाको संयुक्त पहलमा झापा कारागारको महिला बन्दीगृहमा रहेका महिला तथा बालबालिकालाई लक्षित गरी ट्यूवेल तथा न्यानो कपडा प्रदान गरिएको छ। एबिसी नेपाल झापाकी अध्यक्ष कञ्चना ढकाल सिटौलाको अध्यक्षता तथा भद्रपुर नगरपालिकाका नगर प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा महिला बन्दीगृहमा रहेका महिला तथा बालबालिकालाई लक्षित गरी खानेपानीका लागि ट्यूवेल, फलफूल, तथा न्यानो कपडालगायतका सामग्री प्रदान गरिएको हो । प्रमुख अतिथि पोखरेलले संविधानले प्रदान गरेको महिला अधिकारलाई उपलब्धीका रुपमा लिनुपर्ने बताउँदै संविधानअनुसार बनेको कानून कार्यान्वयनमा आए हिंसाका घटना कम भएर जाने धारणा राखे ।



कार्यक्रममा भद्रपुर नगरपालिकाकी उपप्रमुख राधा कार्कीले सम्मानित परिस्थितिले जहाँ पुगेपनि सम्मानित रुपमा बाँच्न सिक्नुपर्ने बताइन् ।

झापाका सहायक प्रमुख जिल्ला अधिकारी सुरेश आचार्यले घरमा छोरा र छोरी तथा बुहारीबीच गर्ने व्यवहारमा सुधार गरे लैंङ्गिक विभेद अन्त्य भएर जाने विश्वास व्यक्त गरे । खाद्यान्न वितरणले लैंङ्गिक विभेद अन्त्य नगर्ने धारणा राख्दै सहायक प्रमुख जिल्ला अधिकारी आचार्यले सीपमूलक कार्यमा सहयोग गर्न सुझाव पनि दिए ।

कारागार प्रमुख रेवन्त भट्टराई, भद्रपुर नगरपालिका सामाजिक विकास शाखा प्रमुख जीवनकला राउत,

❖ बाँकी अन्तिम पृष्ठमा

## प्रेस विज्ञप्ति

मिति- २०८१/०८/२५

**मंसिर २४ गते विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा आएको समाचार अनुसार बिर्तामोड नगरपालिकाका पूर्व मेयर तथा नेकपा एमालेका जिल्ला सदस्य ध्रुवकुमार शिवाकोटीले आफ्नो घरमा काम गर्न राखेको बालिकालाई पटक-पटक जबरजस्ती करणी गरेको र सो बालिका त्यस्तो प्रताडना सहन नसकेर स्कुल गएको मौकामा भागेर भारतमा रहनु भएकी आफ्नी आमासंग जान लागेको अवस्थामा आफन्त र सामाजिक संस्थाका प्रतिनिधिहरुले नेपाल भारत सीमा क्षेत्रबाट उद्धार गरेर सोधपुछ गर्दा बालिकाले शिवाकोटीको कहालीलाग्दो कालो कर्तुत बताएबाट शिवाकोटी दोषी देखिएका छन् । उनलाई तत्काल प्रहरीले गिरफ्तार गरेको अवस्थामा सार्वजनिक भएको छ । यो घटनाको सत्य तथ्य खोजी गरि यस्तो जघन्य अपराध गर्ने शिवाकोटीलाई कडाभन्दा कडा कारबाही गरियोस् । पहुँचको आधारमा दोषीले उन्मुक्ति पाउने कार्य गरे हामी कडा प्रतिकारमा उत्रन बाध्य हुने जानकारी गराउँदछौं । साथै उक्त बालिकाको स्वास्थ्य अवस्था चेकजाँच गरी उनको प्रभावकारी उपचारका साथै जीउज्यानको सुरक्षासमेत आवश्यक सुरक्षा व्यवस्था गरियोस् ।**

**स्मरण रहोस् लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान र त्यस सम्बन्धी विषयमा विभिन्न छलफल र गोष्ठीहरु चलिरहेकै बेला एउटा राज्यको स्थानीय सरकारको समेत नेतृत्व गरिसकेका व्यक्ति यस्तो हर्कतमा उत्रिनु अत्यन्तै निन्दनीय कार्य भएको र सम्पूर्ण नगरबासीले शिर निहुऱ्याउनु पर्ने अवस्था सिर्जना भएको छ ।**

**मानवीय मूल्य र मान्यताबिपरित गरिएको यस्तो जघन्य अपराधमा सम्लग्न बिर्तामोडका शिवाकोटीलाई हदैसम्मको कार्बाही गरियोस् भनी जोडदार माग गर्दै यो विज्ञप्ति जारी गर्दछौं ।**

| दिलकुमारी सी | शिखा खड्का (गणेश) | हरिमाया मैनाली | तारा श्रेष्ठ |
|---|---|---|---|
| अध्यक्ष | सचिव | अध्यक्ष | अध्यक्ष |
| अनेम संघ (क्रान्तिकारी )झापा | राष्ट्रिय प्रजातान्त्रिक महिला संगठन झापा | अनेम संघ (समाजवादी) झापा | अनेम संघ (क्रान्तिकारी) झापा |

# पक्राउ परेका रास्वपाका २९ जना रिहा



झापा(प्रस) । प्रधानमन्त्री केपी शर्मा ओलीलाई कालो झण्डा देखाउँदा पक्राउ परेका राष्ट्रिय स्वतन्त्र पार्टीका २९ जना नेता कार्यकर्ता सोमवार राति रिहा भएका छन् ।

गौरादहमा १८ , कन्काईमा ९ र कमलमा २ जना पक्राउ परेका थिए । ती सबैलाई राति छोडिएको प्रहरीले जनाएको छ । सोमवार दिउँसो २:५५ बजे गौरादह -५, स्थित स्कुलचौनमा जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण कार्यक्रमबाट गौरादह बजारमा आयोजित ताजपुरिया समाज कल्याण परिषदको २९ औं स्थापना दिवस कार्यक्रममा सहभागी हुन आउने क्रममा प्रधानमन्त्री ओलीलाई गौरादह बजारस्थित झापा बेकरी हाउस अगाडि रास्वपाका कार्यकर्ताहरुले कालो झण्डा देखाएका थिए ।

त्यसक्रममा रास्वपाका गौरादह नगर सभापति जगत अधिकारीसहित १८ जना पक्राउ परेका थिए । पक्राउ पर्नेहरुमा पार्टीका गौरादह नगर सभापति जगत अधिकारी , गौरादह नगर सचिव प्रविण वस्नेत , क्षेत्र नं. ५ की क्षेत्रीय सदस्य निर्मला शर्मा , दमक नगर उप-सभापति प्रतिमा दाहाल, गौरीगंज गाउँपालिका सचिव उद्धवप्रकाश गौतम, दमक नगर सचिव प्रविण पाठक,गौरादह ७ का वडा सभापति ऋषिराम प्रसाई ,पार्टी सदस्यहरु अनिश सुवेदी,टंक खनाल,गणेशराज पाण्डे, छत्रपति भट्टराई ,छत्रवहादुर कार्की , गौरादह ३ का वडा सभापति कमल बस्नेत , गौरादह ५ का वडा सभापति भवानीप्रसाद फुयाल,पार्टी सदस्य बावुराम दाहाल , नगर सदस्य खेमप्रसाद लुईटेल, गौरादह ४ का वडा सचिव दिपक सापकोटा र वडा नं ४ का सभापति युवराज खड्का रहेका छन् । उनीहरुलाई इलाका प्रहरी कार्यालय गौरीगंजमा राखिएको थियो ।

त्यस्तै प्रधानमन्त्री ओलीलाई कालो झण्डा देखाउने रास्वपाका थप ९ जना नेता कार्यकर्ता पक्राउ परेका थिए । गौरादहको कार्यक्रम सकेर प्रधानमन्त्री ओली बिर्तामोडतर्फ आउँदै गर्दा कन्काईको सुरुङ्गामा रास्वपाका नेता कार्यकर्ताहरुले नाराजुलुसहित कालो झण्डा देखाएका थिए ।

त्यसक्रममा ९ जना पक्राउ परेका थिए । पक्राउ पर्नेहरुमा रास्वपाका झापा जिल्ला उपसभापति प्रकाश पाठक, बिर्तामोड नगर अध्यक्ष अर्जुन उप्रेती , क्षेत्र नं.२ का क्षेत्रीय सचिव दिपक दाहाल, झापा क्षेत्र नं. ४का क्षेत्रीय सभापति शम्भु सुस्केरा , शिवसताक्षी नगर कोषाध्यक्ष रमेश घिमिरे ,कोशी प्रदेश कानुन बिभाग प्रमुख सुरेशकुमार पोखेल , भद्रपुर नगर संयोजक लक्ष्मण बस्नेत , भद्रपुर नगर सभापति प्रेम न्यौपाने र क्षेत्र नं.२ क्षेत्रीय सभापति कमलमोहन उप्रेती रहेका छन् । उनीहरुलाई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको थियो ।

त्यस्तै दमक -३ स्थित बेलडाँगी खानेपानी आयोजना उद्धाटन गर्न जाने क्रममा प्रधानमन्त्री ओलीलाई कमल -५, पाडाजुँगी चोकमा प्लेकार्डसहित कालो झण्डा देखाउने दुईजना पक्राउ परेका थिए । पक्राउ परेर इलाका प्रहरी कार्यालय दमकमा राखिएका कमल -४ बस्ने सरोज भट्टराई र वडा नं ५ बस्ने सुमन श्रेष्ठलाई राति ८.२० बजे रिहा गरिएको प्रहरीले जनाएको छ ।

# मानव बेचबिखन प्रभावितहरूको राष्ट्रिय महासंघ स्थापना

झापा(प्रस) । मानव बेचबिखन तथा एचआईभी रोकथामको क्षेत्रमा विगत ९ वर्षदेखि सक्रिय शान्ति फाउन्डेसनको पहलमा ‘ मानव बेचबिखनविरुद्ध मानव बेचबिखन प्रभावितहरूको राष्ट्रिय महासंघ’ स्थापना गरिएको छ । लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत १५ औं दिनको अवसरमा महासंघ स्थापनाको घोषणा गरिएको हो ।

मानव बेचबिखन रोकथाम, मानव बेचबिखन प्रभावितहरूको संरक्षण, बेचबिखनकर्ताहरूलाई अभियोजन तथा यी कार्यका लागि साझेदारी गर्ने उद्देश्यले यस क्षेत्रमा कार्यरत १४ संघ-संस्थाबिच एक सञ्जाल निर्माण गरी समन्वयात्मक ढङ्गले मानव बेचबिखनविरुद्ध र मानव अधिकारको प्रवर्द्धन र संरक्षणका लागि सो महासंघ स्थापना गरिएको हो ।

‘मानव बेचबिखनमा परेकाहरुको नेतृत्व तथा पीडित केन्द्रित कार्यक्रमहरूले मात्र मानव बेचबिखनको समस्या समाधान गर्न सक्छ भन्ने विश्वास छ,’ महासंघका अध्यक्ष सञ्जमाया तामाङले भनिन् । महासंघले मानव बेचबिखन नियन्त्रणका लागि स्थानीय समिति र तीनै तहका सरकारसँगको समन्वयमा चेतना अभिवृद्धि, सामुदायिक



संलग्नता र रूपान्तरणात्मक सशक्तीकरण गरिरहेको बताइन् । कार्यक्रममा मानव बेचबिखनमा परेका व्यक्तिहरूले कसरी आफूहरू मानव बेचबिखनमा परे, कस्ता पीडा भोगे र अहिले पनि उनीहरू कति प्रताडित छन् भन्नेबारे आफ्ना अनुभव पनि सुनाए ।

मानव बेचबिखनबाट सबैभन्दा बढी बालिका, किशोरी तथा महिला प्रभावित छन् । लैङ्गिक हिंसामध्ये मानव बेचबिखन एक यस्तो हिंसा हो जसबाट प्रभावितहरूले जीवनपर्यन्त सामाजिक विभेद र लाञ्छना भोग्न बाध्य छन् ।

विश्वश्रम सङ्गठनको २०२१ को तथ्याङ्क अनुसार विश्वभरी ४ करोड ९६ लाख मानिसहरु आधुनिक दासत्वमा बाँचिरहेका छन् । जसमध्ये २ करोड ७६ लाख जबरजस्ती श्रममा छन् । तीमध्ये १ करोड ७३ लाख निज क्षेत्रमा शोषणमा परेका छन् । २ करोड २० लाखको जबरजस्ती विवाह भएको छ । ७३ लाख जबरजस्ती व्यावसायिक यौन शोषणमा परेका छन् ।

सन् २०२३ को ग्लोबल स्लेभरी इन्डेक्सको प्रतिवेदन अनुसार नेपालमा ९७ हजार मानिस कुनै न कुनै प्रकारको आधुनिक दासत्वमा बाँचिरहेका छन् ।

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७९ अनुसार नेपालमा १९ लाख १४ हजार मानिस मानव बेचबिखनको जोखिममा छन् ।

नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोको आर्थिक वर्ष २०७९/०८० को प्रतिवेदनमा जम्मा २३० जना बेचबिखनमा परेको देखाइए पनि राष्ट्रिय मानव अधिकार आयोगको मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७९ ले आर्थिक वर्ष २०७६/०७७ र २०७७/०७८ मा करिब ४० हजार ३०० जना बेचबिखनमा परेको उल्लेख छ ।

## झापा...

नारी सञ्चार गृह झापाकी अध्यक्ष रेजिना गौतम, नेपाल परिवार नियोजन संघ झापाका पूर्व अध्यक्ष दिपेन्द्र ढकाल, बन्दीगृह इन्चार्ज रवि लिम्बू, गंगा मैनाली, ज्योती रिजालगायतको उपस्थिति रहेको कार्यक्रममा महिला चौकीदार प्रमुख रिता राईले महिला बन्दीगृहका बारेमा जानकारी गराएकी थिइन् । मानव अधिकारका लागि महिला एकल महिलाकी अध्यक्ष रेखा अधिकारीले औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा स्वागत सत्य साई केन्द्रकी उपाध्यक्ष गीता श्रेष्ठले गरेकी थिइन् भने सञ्चालन साना हातहरु नामक संस्थाका प्रमुख विक्रम वाग्लेले गरेका थिए । ५० जना क्षमताको महिला बन्दीगृहमा हाल २ बालबालिकासहित ९८ जना महिला बन्दी रहेको बताइएको छ ।

## युु-१९ महिला एसिया कप

# पूजाको कप्तानीमा नेपाली टोलीको घोषणा

झापा(प्रस) । नेपाल क्रिकेट संघ (क्यान) ले मलेसियामा शनिबारदेखि सुरु हुने एसिसी यु-१९ महिला एसिया कप क्रिकेटका लागि नेपाली टोलीको घोषणा गरेको छ ।

क्यानले पूजा महतोको कप्तानीमा १५ सदस्यीय खेलाडी टोलीको घोषणा गरेको हो । टोलीमा गत महिना भएको विश्वकप छनोट खेलमा रहेकी मनीषा उपाध्यायलाई समावेश गरिएको छैन । किरणकुमारी कुवँर र अनु कडायतले टोलीमा स्थान बनाएका छन् ।

पहिलो पटक आयोजना हुन लागेको यु-१९ महिला एसिया कपमा नेपाल समूह ‘बी’ मा छ । यस समूहमा भारत र पाकिस्तानसँगै छ । नेपालले आफ्नो पहिलो खेलमा पाकिस्तानसँग पुस १ गते र भारतसँग पुस २ गते खेल्नेछ ।

यस्तै समूह ‘ए’ मा श्रीलङ्का, बङ्गलादेश र मलेसिया रहेको छ । एसियाबाट यु-१९ महिला विश्व कपमा छनोट भएकाले नेपालले एसिया कप खेल्ने मौका पाएको हो ।

यु-१९ महिला विश्वकप सन २०२५ को जनवरीमा मलेसियामै आयोजना हुँदैछ । विश्वकपमा नेपाल समूह ‘डी’ मा परेको छ । यस समूहमा अस्ट्रेलिया, बङ्गलादेश र स्कटल्यान्ड छ ।

# सुनसरीमा १४८ मानव अधिकार उल्लंघनका घटना

झापा(प्रस) । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुनसरीले यहाँ एक वर्षमा १४८ मानवअधिकार तथा ज्यादतीका घटना भएको जनाएको छ । मानवअधिकार वर्ष पुस्तक-२०२५ प्रकाशन पूर्व वार्षिक सरोकारवालाबिच समीक्षा कार्यक्रम सम्पन्न गरिएको छ ।

अभिलेखीकरणअनुसार बलात्कारका ७४ वटा, बलात्कार प्रयास १४, मानव बेचबिखन तथा ओसार पसारका तीन, बहुविवाह २५, आत्महत्या दुरुत्साहन एक, बाल यौन दुरुपयोगका दश, हत्याका

इन्सेक प्रतिनिधिले अभिलेखीकरण गरेका १४८ वटा मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनामाथि छलफल गरिएको छ ।



समीक्षा कार्यक्रममा इन्सेकले सो तथ्याङ्क सार्वजनिक गरेको हो । कार्यक्रममा इन्सेक जिल्ला प्रतिनिधिले जिल्लामा सन् २०२४ को जनवरीदेखि नोभेम्बरसम्म अभिलेख गरेका घटनाहरू प्रस्तुत गरेका थिए । प्रस्तुत गरिएको

१२, घरेलु हिंसा मुद्दाका ११ गरी १४८ वटा घटना समेटिएको तथ्याङ्क प्रस्तुत गरे । नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५ का लागि जिल्ला अभिलेखीकरण गरिएका मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनामाथि

सो अवधिमा अभिलेखीकर गरिएका सामाजिक तथा सांस्कृतिक अधिकारका एक, सरकारी कार्यालयमा तोडफोड दुई र सार्वजनिक बसमा क्षतिको घटना एक वटा अभिलेखीकरण गरिएको छ ।

# पूर्वमा गल्फ कोर्समा आकर्षण बढ्दै

झापा(प्रस) ।धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको हातामा रहेको गल्फ कोर्स पूर्वी नेपालका गल्फप्रेमीका लागि आकर्षणको केन्द्र बन्दै गएको छ ।

धरान गल्फ क्लबका अनुसार उक्त कोर्समा धरान, इटहरी, विराटनगरलगायत पूर्व क्षेत्रका साथै पोखरा र काठमाडौंबाट पनि गल्फ खेल्न जाने गरेका छन् । हाल त्यहाँ विभिन्न ठाउँबाट दैनिक ४० देखि ५० भन्दा बढी गल्फ खेल्न जाने गरेको क्लबका अध्यक्ष हरिबहादुर राईले बताए । उनका अनुसार क्लबमा अहिले ८० जना सदस्य आबद्ध छन् ।

सन् १९६२ मा स्थापना भएको उक्त गल्फ कोर्सले स्थानीयस्तरमा खेलाडी उत्पादन गर्न महत्वपूर्ण भूमिका खेलेको राईको भनाइ छ । क्लबमा २०७३ सालदेखि गल्फ खेल्दै आएका खेलाडी जीतेन्द्र राई ‘सिङ्गल हेण्डी क्याप’ खेलाडीका रूपमा सक्रिय छन् । सुरुमा स्वास्थ्यका लागि खेलेको बताउँदै उनले अहिले यसको अनिवार्य अभ्यास गर्ने सोख बसेको उल्लेख गरे ।

उनले भने, “विशेषगरी यो खेल मैले स्वास्थ्यका लागि लिएको हुँ । यो खेल्न त्यति सजिलो भने छैन । सिक्नका लागि लामो समय लागे पनि यो खेल ‘जिरो इञ्जोर’ खेल भएकाले यसमा रमाइरहेको छु ।”

आफूले गल्फ खेल्न थालेपछि विभिन्न टुर्नामेन्टमा सहभागी भएर उपाधिहरू पनि जितेको जीतेन्द्रले जानकारी दिए । प्रोफेसनल गल्फ नेपाल एशोसिएसनले गरेको टुरमा आफू सिङ्गल हेण्डी क्याप भएकाले ‘स्टण्डसाइड’को खेलाडी भएर ‘ टिम इभेन्ट’मा प्रथम स्थान हासिल गरेको उनने बताए । पछिल्लो समय गल्फ आयआर्जन गर्ने प्रभावकारी माध्यम बन्दै गएकाले पनि खेलाडीको आकर्षण बढेको उनको भनाइ छ ।




# गढीमाईबाट फर्किंदै गरेको स्कोरपियो दुर्घटनामा ८ जनाको मृत्यु



झापा(प्रस) । रौतहटको चन्द्रपुर नगरपालिकास्थित पूर्वपश्चिम राजमार्गको धन्सार-लमाहा खण्डमा मंगलबार बिहान स्कोरपियो दुर्घटना हुँदा चालकसहित ८ जनाको मृत्यु भएको छ ।

प्रहरीले मृतकका आफन्तमार्फत दुर्घटनामा मृत्यु हुनेहरूको सनाखत गरेको छ । दुर्घटनामा चालकको पनि मृत्यु भएको छ । चन्द्रपुर-४ स्थित पूर्वपश्चिम राजमार्गको धन्सारपुल नजिक जंगलमा बाराको गढीमाई दर्शन गरेर सिरहा फर्कँदै गरेका दर्शनार्थी बोकेको बा १६ च ३१६२ नम्बरको स्कर्पियो अनियन्त्रित भई सडकबाट तल दाहिने साइडको रुखमा ठोक्किएर दुर्घटना भएको थियो । दुर्घटनामा परी सिरहा अर्नामा गाउँपालिका-३ बंठियाटोलका ६० वर्षीया लरुवतीदेवी महरा, ३० वर्षीया उर्मिला महरा, ५० वर्षीया रामकुमारी महरा, ५५ वर्षीया महगीदेवी महरा, ६२ वर्षीया फुलमन्तिदेवी चमार, ६० वर्षीया रामकुमारीदेवी महरा, ३० वर्षीया सकुन्तलादेवी महरा र ४० वर्षीय स्कोरपियो चालक श्रीकुमार यादवको मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जानकारी दिएको छ । घाइते ४ जनाको उपचार भइरहेको छ ।

**निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना**

कोशी प्रदेश, झापा जिल्ला,बुद्धशान्ति गाउँपालिका वार्ड नं.-३ मा बस्ने श्री सिताराम शर्माकी छोरी,श्री मोती शर्माकी पत्नी,श्री निर्मला शर्माको मिति वि.सं.२०८१/०८/०९गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय बुधबारेमा रहेको चल्ती/वचत/मुद्दती खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका श्रीमान मोती शर्माले मिति वि.सं.२०८१/०८/२४मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**भ्रष्टाचार र अनियमितता बिरूद्ध जुटौं**

- घुस लिने र दिने दुबै अपराधी हुन्
- भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं,
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं,
- सदाचार र नैतिक संस्कृतिको प्रवर्द्धन गरौं,
- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाऔं,
- भ्रष्टाचार र अनियमितता बिरुद्ध आवाज उठाऔं,
- भ्रष्टाचार र अनियमितता भएमा सम्बन्धित निकायमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# जलवायु परिवर्तनको असर

**एक अध्ययनले यो ३० वर्षमा तापक्रम बढेको पाइएको छ। वार्षिक वर्षा केही मात्रामा घटेको पाइयो भने खाद्यचक्रमा कुप्रभाव पर्दा आन्तरिक र बाह्य बसाइँ सर्ने क्रम बढेको देखियो। कृषि र पशुपालनको दाँजोमा विप्रेषणको मात्रा बढ्दै गएको तथ्यले बढी निर्भरता वैदेशिक रोजगारीमा देखियो। यसले भावी दिनमा समेत नेपाल निकै ठुलो जलवायु परिवर्तनको असरको सामना गर्न तयार हुनुपर्ने सक्तेतसमेत गरेको छ।**
**यो अध्ययनकर्ताले नेपालको मात्र होइन, यस क्षेत्रकै जलवायु परिवर्तन असरको अध्ययन गरे। 'दक्षिण एसियाको विविध सामाजिक, सांस्कृतिक र भौगोलिक परिदृश्यमा जलवायु परिवर्तनका लागि घरपरिवारको अनुकूलन क्षमताको मूल्याक्तन' शीर्षकमा गरिएको अध्ययन सान्दर्भिक देखिएको छ। नेपालबाट दैनिक दुई तीन हजारका दरले युवकयुवती वैदेशिक रोजगारीमा गइरहेका छन्। जलवायु परिवर्तनका कारण वैदेशिक रोजगारमा जानेको संख्या बढेको भने चर्चा थिएन। नेपालमा रोजगारी अभाव भई वैदेशिक रोजगारी बाध्यता भएको भनिँदै आएको हो।नेपालको मूल पेसा कृषि क्षेत्रले ठुलो स्वरोजगारी दिँदै आएको थियो। पछिल्ला वर्षमा कृषि क्षेत्र जलवायु सक्तटका मारमा पर्न थालेसँगै समस्या आयो। कृषि उत्पादन घट्दै गइरहेको अध्ययनसमेत देखाएको छ भने लागत मूल्य भने बढेको छ। वैदेशिक रोजगारीको आकर्षणले जनशक्ति अभाव कृषि क्षेत्रले भोगिरहेको छ। कृषि जनशक्तिको तीव्र अभाव छ भने अर्मपर्म गर्ने परम्परागत सामाजिक व्यवहार पनि गाउँघरबाट बिस्तारै हराउँदै गएको छ। परिवर्तनको असर कृषि क्षेत्रमा बहुआयामिक छ। पशुपालन न्यून हुँदै जाँदा रासायनिक मलप्रति निर्भरता बढ्दो छ। यसले खेतबारीमा अम्लीयपन बढाउँदै लगेर भविष्यमा अझ जटिल समस्या आउन सक्ने छ। बालीनालीमा रोग तथा किराको सङ्क्रमणसमेत बढेको छ। गाईवस्तुको मलमा रोग किराको अतिक्रमण अति न्यून हुने पुराना पुस्ताको अनुभव उपयोगी थियो। त्यसै गरी जलवायु परिवतर्नका कारण बेमौसमी अधिक वर्षा, सुक्खा, हावाहुरी र असिनाले बालीनालीमा क्षति तीव्र रूपमा बढेको पनि पछिल्लो अध्ययनले देखाएको छ। त्यसले पनि कृषि पेसा छाड्ने क्रम बढेको देखिएको छ।**

**पृथ्वीको तापमान बढ्दो छ। त्यसमा विश्वका धनी औद्योगिक मुलुकबाट हुने जैविक इन्धन दोहनले विगत दुई सय वर्षमा अधिक कार्बन उत्सर्जन मूल कारण हो। नेपाल जस्ता मुलुकले त्यस हदसम्मको कार्बन उत्सर्जन गरेको छैन तर जलवायु परिवर्तनको असरको दण्ड पनि अझ बढी भोगिरहेको छ। जलवायु परिवर्तनले तापक्रम तथा वर्षाको ढाँचामा परिवर्तन, खडेरी, बाढी तथा पहिरो जस्ता विषम मौसमी घटना आवृत्ति बढेको छ। जलवायु परिवर्तनका कारण भारत तथा बङ्गलादेशमा बाढी तथा डुबानसमेत बढेको यो अध्ययनले देखाएको छ।**



Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# कृषिमार्फत आर्थिक समृद्धि



• मुरारी ढुङ्गेल

नेपाल विषम प्रकारको हावापानी भएको मुलुक हो। सानो मुलुक भए पनि विविध प्रकारको हावापानी भएको हुनाले सम्भावनाका हिसाबले कृषिमा नेपाल धनी मुलुक मानिन्छ। उचित हावापानी भएको हिसाबले यहाँ कृषि व्यवसायको प्रचुर सम्भावना रहेको छ।

तराईका फाँटमा धान, मकै, गहुँलगायत उखु, केरा खेती फस्टाउन सक्ने सम्भावना छ। तराईमा मलिलो भूमि र खेतीयोग्य हावापानी भएको हुनाले प्रशस्त मुनाफा गर्ने प्रकारका अन्नबाली लगाउन सकिन्छ। सिँचाइलाई कम लागतमा खेतका गरा गरामा पुऱ्याउन सकिन्छ। पहाडी तथा तराई क्षेत्रमा ठुला तथा सम्भावना बोकेका नदीका कारण कृषिलाई सिञ्चित गर्न र विद्युतीय माध्यमबाट खेती गर्न सकिने सम्भावना छ। त्यसै गरी हिमाली क्षेत्रमा जडीबुटीको उत्पादनले देशको आर्थिकस्तर सहजै माथि उकासिने अड्कल नभएका होइनन्। मुलुकको दिगो आर्थिक विकासका साथै मजबुत ग्रामीण अर्थतन्त्रलाई उपलब्धिमूलक बनाउन सकियो भने देशको गरिबी निवारणमा टेवा पुऱ्याउन गाह्रो छैन।

कृषि क्षेत्रलाई माथि उकास्न आधुनिक किसिमको प्रविधि भित्र्याउन मात्र सकियो भने हामी आर्थिक समृद्धितिर अघि बढ्छौँ। देशको अर्थतन्त्र उकालो लाग्नेमा दुबिधा छैन। कृषि पेसा हरेक नेपालीको आशाको केन्द्रका रूपमा रहे पनि यसले आशातीत प्रतिफल दिन नसक्नुको पछाडि धेरै कारण रहेका छन्। कृषिप्रधान देशमा कृषि व्यवसायलाई उचित अवसर र मूल्याङ्कन नगरिनु यसको प्रमुख समस्या हो। अझै पनि कृषिलाई केवल कागजी नीति नियममा सीमित राख्ने परिपाटी छ। कृषि पेसालाई हालसम्म सम्मानित पेसा बनाउन सकिएको छैन। हामी नेपालीलाई विदेशीको गुलामी गर्न मन्जुर छ तर स्वदेशमै बसी कृषिकर्म गर्न स्वीकार्य छैन। विदेशमा पसिना बगाउन तयार हामी नेपालमै कृषि व्यवसाय गर्न इज्जत र प्रतिष्ठा गुमेको महसुस गर्छौं। कृषि पेसालाई प्राथमिकता नदिनु, कृषिकर्मलाई सम्मान नगरिनु नै हाम्रो प्रमुख दोष हो। त्यसै गरी हाम्रो कृषिका लागि प्राकृतिक वातावरण पर्नुपर्ने बाध्यता छ। जसको समाधानतिर हामी जानेर वा नजानेर लम्कन सकेका छैनौँ। नेपाली मात्रको तरकारी गुन्द्रुकमा पनि हामी आत्मनिर्भर हुन नसकेको अवस्था छ। गुन्द्रुक छिमेकी राष्ट्र चीनबाट आयात गर्छौं।

कुनै समय विश्वबजारमा अत्यधिक बलिया र आर्थिक उपार्जनका रूपमा मानिएका आर्थिक क्षेत्रसमेत समयक्रमसँगै धराशायी बन्दै गएको औद्योगिक पृष्ठभूमिमा कृषि यस्तो क्षेत्र हो, जो जीवन रहेसम्म रहन्छ। अर्थात् जबसम्म कृषि छ, तबसम्म जीवन रहन्छ। उचित प्रविधिको प्रयोग गर्न सकियो भने कृषिले प्रबन्ध मिलाउन सके मात्र कृषि व्यवसायले गति लिन सक्छ तर वर्तमानमा हाम्रो कृषि क्षेत्रमा देखिएका भोगिएका प्रमुख समस्या भनेकै बजारसम्मको पहुँच हो। किसानको बजारसम्म पहुँच र प्रभाव पुग्न सकेको छैन। साथै उत्पादन गरिएका वस्तुको भण्डारणमा उचित व्यवस्थासमेत नहुने भएकाले किसान सस्तो मूल्यमा आफ्ना उत्पादन बेच्न बाध्य हुने गरेका छन्। धूर्त बिचौलियाको शोषणमा किसान परेका छन्। गरिब किसानको भण्डारण अभावको फाइदा धूर्त बिचौलियाले उठाइरहेका छन्। केही दिनअघि मात्र पनि तरकारीमा बिचौलियाले गरेको हर्कतलाई



जति नै राम्रो स्तरीय भए पनि पूर्वाधारको कमीले कृषिको विकास हुन नसकेको तथ्य यथार्थ हो।

हाम्रो देशको कृषि व्यवसाय हालसम्म पनि मौसमी खेतीमा भर परिरहेको अवस्था छ। समय सुहाउँदो विकासमा हामी लम्कन सकेका छैनौँ। कृषिमा आधुनिकीकरण गरी उत्पादन बढाउन सकिन्छ। हामी अझै परम्परागत कृषिकर्ममा नै छौँ। जसले उच्चतम उत्पादन दिन पनि सक्दैन र लागत पनि बढी लाग्दछ। हाम्रो देशको कृषि प्रणाली, जति नै ठुला गफ गरे पनि निर्वाहमुखीबाट माथि उठ्न सकेको देखिँदैन। अझ हरेक कुरामा विदेशीको भर औद्योगिक क्षेत्रलाई मात खुवाउन सक्छ। उदाहरणका रूपमा हाम्रै छिमेकी देश भारतको पन्जाब प्रान्तमा कृषि क्षेत्रले गरेको विकास हेर्न सक्छौँ। त्यस्तै कृषि विकासको गतिमा उल्लेख्य फड्को मारेका चीन, कोरिया, नजिकको छिमेकी बङ्गलादेश जस्ता देशलाई हेर्ने हो भने ती देशले आधुनिक प्रविधिको प्रयोगमा बढी जोड दिने गरेका छन्। यस्ता पाठ सिकेर नेपालले पनि बेलैमा कृषिमा लगानी बढाउन सक्नु पर्छ।

देशले कृषि उत्पादनमा नयाँ विधि प्रणालीका साथ अघि बढ्नुको विकल्प छैन। कृषि र किसानलाई प्रोत्साहन र सुरक्षा ग्यारेन्टीको लिन सकिन्छ। किसान आफ्ना उत्पादन मेहनतको मोलसमेत नउठ्ने मूल्यमा बेच्न बाध्य भइरहेका हुन्छन् तर बिचौलिया रातारात मालामाल भइरहेका हुन्छन्। यस्तो बेथितिको अन्त्य नभएसम्म कृषकको उत्थान, प्रगति, गरिबी निवारण र कृषिमा निर्भरताका हाम्रो दिवा सपना सिवाय अरू हुन सक्दैन। यस्तो प्रवृत्तिले साना किसान साथसाथै आमउपभोक्तासमेत मूल्यवृद्धिको चपेटामा पर्न बाध्य छन्। जसका लागि राज्यले किसानको उत्पादनमा सुरक्षा र लगानीमा ग्यारेन्टीको भावना विकास गर्न सक्नु पर्छ।
किसानलाई कृषि औजार, उपकरण, बिउबिजन, मलखाद खरिददेखि लिएर युवालक्षित कार्यक्रम अन्तर्गत विभिन्न व्यवसाय सञ्चालन र प्रवर्धनका लागि रकम प्रदान गरेर कृषिलाई आत्मनिर्भर बनाउन सक्नु पर्छ। उचित मात्रा नमिलाई प्रयोग भएको रासायनिक मलका कारण माटोको खस्किँदो गुणस्तर, बदलिँदो मौसमचक्र, घट्दो खेतीयोग्य जमिन, भएको जमिन पनि घडेरी प्लटिङका कारण अनुत्पादक हुन पुगेको छ। खेतीयोग्य जमिन दिनप्रतिदिन मासिँदै जानुले समस्या सिर्जना गरेको पाइन्छ।
यसर्थ नेपालको हावापानी सुहाउँदो कृषि व्यवसायको थालनी, किसानलाई आवश्यक तालिम, सहुलियतपूर्ण ऋण र उत्प्रेरणा कार्यक्रम दिन सक्नु पर्छ। उत्पादित वस्तुको उचित मूल्य समायोजन गरी राष्ट्रिय रूपमा बिक्रीवितरण र अन्तर्राष्ट्रियस्तरसम्मको उत्पादनमा जोड दिँदै कृषि व्यवसायीलाई प्रोत्साहन, क्षतिपूर्तिको व्यवस्थामा सरकारले ध्यान दिनु पर्छ। प्रकृतिले दिएको भौगोलिक बनावट र हावापानीका कारण नेपाल व्यावसायिक कृषिका लागि छनोट क्षेत्रका रूपमा पर्दछ। यसलाई ध्यान दिँदै केन्द्र सरकार तथा स्थानीय सरकारले उचित प्रबन्ध मिलाएर लैजान सके दिगो विकासको ढोका खोल्न सक्छ।
ार्थिक सङ्कट टार्न पर्यटन र ऊर्जाको पनि त्यत्तिकै भूमिका छ। जसरी सार्वजनिक निजी साझेदारी भनेर तीनखम्बे अर्थनीति लिइएको थियो, त्यसरी नै कृषि, पर्यटन र ऊर्जा विकासमार्फत देशमा समृद्धि ल्याउन सकिन्छ। यसबाहेक देश विकास र समृद्धिको पहिलो सर्तका रूपमा कृषि, पर्यटन र ऊर्जाको प्रस्ट कार्ययोजनाको मार्गचित्र बनाइनु पर्दछ। एउटा स्पष्ट मार्गचित्र बनाएर त्यसलाई राजनीतिक तहमा बहस चलाउँदै त्यसको कार्यान्वयनका लागि राष्ट्रिय एकताका साथ अघि बढ्नु पर्छ। यसैबाट अर्थव्यवस्थालाई सुधार्न सकिन्छ। आफ्नै स्रोतसाधनबाट परिचालन गर्न सकिने कृषिसँगै उद्योगबाट दिगो विकासको आधार तयार गर्न सकिन्छ।

# मातृभूमिप्रतिको जिम्मेवारी



• यादव देवकोटा

नेपालको उन्नति, विकास र समृद्धिका लागि चाहिने पूर्वाधारको निर्माण नभएका होइनन्, गाउँ गाउँमा सडक पुगेका छन्, विद्यालय खुलेका छन्, स्वास्थ्य सुविधा, खानेपानी, विद्युत् पुगेका छन्। गाउँ सुनसान हुँदै गएको छ। यसको प्रमुख कारण गाउँमै केही हुन्छ, गाउँमै अवसर छ, गाउँबाटै समृद्धि हासिल हुन्छ भन्ने विश्वास जगाउन नसक्नु हो। मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक रूपमा हेर्दा यो चिन्ताको विषय हो। यसको अन्त्यका लागि केही आधारभूत काम तिनै तहका सरकारबाट एकल योजनाका साथ गर्नु पर्छ।

आजको अवस्था नेपालमा अवसर छैन, यहाँ भविष्य छैन, विदेश जानुको विकल्प छैन भन्ने गलत भाष्य स्थापित भएको/गरिएको छ। गाउँमै केही हुन्छ भन्ने विश्वास दिलाउन सकिएको छैन। विदेश जानु अनिवार्य बाध्यता जस्तै बनाइएको छ। यो गलत अभ्यासलाई चिर्न समाजका हरेका वर्ग, क्षेत्र लागिपर्नु पर्छ। यसको पहिलो सर्त हो, गाउँमै विश्वास जागृत गर्न सक्नु। कसरी विश्वास जगाउने त ? यसका लागि सामान्य काम गर्दा काफी हुन्छ। जस्तो, गाउँमा कृषि, पशुपालनका लागि प्रेरित गर्ने, उनीहरूको उत्पादनलाई बजार व्यवस्थापन पालिका, प्रदेश र सङ्घीय सरकार तिनै निकायको संयुक्त पहलमा गर्ने। उत्पादित वस्तुले बजार र मूल्य राम्रो पायो भने रोजगारीकै लागि विदेश जानेहरू पक्कै पनि रोकिने छन्। उनीहरूलाई पनि रहर हुन्न परिवार छाडेर एक्लो, उराठ, निरस र कष्टपूर्ण जीवन विदेशमा बिताउन।

नेपालमा अवसर नभएको भन्नु नै गलत हो। यहाँ अवसर नै अवसर छ। अवसर हुन्थेन भने भारत जस्तो विश्व अर्थतन्त्रको प्रमुख शक्ति देशले विप्रेषण भित्र्याउने १० मुलुकभित्र नेपाल पर्ने थिएन। यो कुनै मनगढन्ते कुरा होइन। यो तथ्यलाई हेर्दा यहाँ अवसर छ भन्ने कि छैन भनेर एकोहोरो युवा विदेश पलायनको मार्ग मात्र फराकिलो बनाइरहने कि युवालाई यहीँ अवसर छ भनेर विश्वास दिलाउने ?

आज गाउँ गाउँमा सडक पुगेको छ तर त्यो सडकको उपयोग छैन। सडक पुग्यो, यातायात चल्यो भने त्यहाँका उत्पादनले बजार पाउने वा बजारसम्म पुग्ने अवस्था हुनुपर्नेमा बनेका सडकको उपयोग नै हुन सकेको छैन। रित्ता गाउँमा पुगेका सडक अर्थात् श्रमशक्तिविहीन गाउँमा पुगेको सडकको उत्पादनमूलक उपयोगिता हुनै सकेको छैन। यस्तो वातावरण भत्काउनु पर्छ र यसका लागि श्रम, सिपको सम्मान र बजार व्यवस्थापनलाई जोड दिनु पर्छ। योजना सोही अनुसारको बनाउनु पर्छ। राजनीतिक लाभहानिलाई त्यागेर समाज हितको सोच राख्नु पर्छ। यसका लागि घरेलु तथा परम्परागत र वंशाणुगत पेसा र उद्योग अग्रस्थानमा आउँछ।

**वंशाणुगत पेसाको सम्मान**

विविधतामा एकता कायम रहेको नेपाली समाजमा वंशाणुगत पेसा, व्यवसाय र सिप थियो र अद्यापि त्यो कायम छ। पछिल्लो समय त्यस्तो श्रम, सिप र उद्यमशीलतामा अनेक तगारा हालिएका छन्। संविधानले व्यवस्थित गरिएको 'समाजवाद उन्मुख अर्थव्यवस्था' को धज्जी उडेको छ। समाजसापेक्ष परम्परा ध्वस्त बन्दै गएका छन्। नेपाली समाजको बनावट समाजवादको सिद्धान्त अनुरूप रहेकोमा विमति राख्नुपर्ने कारण छैन। जातीय विशेषताका वंशाणुगत सिप र क्षमता लोप हुने अवस्थामा छन्। पेसा र सिपप्रति सम्मान नहुँदा परम्परागत पेसा, व्यवसाय छाडेर विदेश पलायन हुने क्रम बढेको छ।

वंशाणुगत संस्कार, पेसा र सिप एक प्रकारका अलौकिक विशेषता यो भूखण्डका जातीय विशेषता नै हुन्। तिनको समुचित संरक्षण, संवर्धन र समयानुकूल विकासतिर ध्यान दिइएन। मानवीय शक्ति, सामर्थ्य र उच्चतम गुणवत्ता पूर्णतः ह्रास हुन पुग्यो। मानिसको व्यक्तित्व निर्माणमा अतुलनीय योगदान दिने र सुसभ्य, सुसंस्कृत र सौन्दर्यका साथै इज्जतको प्रतीक शिरदेखि पाउसम्मको आकर्षण थरी थरीका पोसाक तयार गर्ने कुशल 'दमाई' हरूलाई जातीय राजनीतिको औजार बनाएर उनीहरूकै पिठिउँमा चढेर सत्तामा पुग्नेहरूले यो जातिको वंशाणुगत सिप र पेसाको उपयोग गरी तयारी पोसाक निर्यातक बनाउन कहिल्यै चाहेनन्। यो त प्रतिनिधिमूलक उदाहरण मात्र हो।

समाजमा दुई जाति मात्रै छन् महिला र पुरुष। केही जातलाई दलित भनेर उनीहरूलाई विभिन्न प्रलोभनमा पारी राजनीति गर्नेहरूले उनीहरूको उन्नतिका खातिर केही गरेनन्। अझै भऱ्याङ बनाउने काम गरिरहेका छन्। हरेक वर्षको असोज १ गते विश्वकर्मा भगवान्को पूजा गरिन्छ तर सिप र क्षमताका जिउँदा भगवान्लाई 'दलित' को संज्ञा दिएर भेदभाव गरिन्छ। विश्वकर्मा किन आफ्ना पूर्वज जस्तै पुज्य हुन पाएनन् वा सकेनन् ? परिणामतः कृषिकर्ममा उपयोग हुने औजारदेखि हातहतियार बनाउन सिपालु यिनीहरूको सिप, क्षमता र योग्यताको उपयोग गर्नुको साटो कुटो, कोदालोसमेत विदेशबाट आयात गर्नुपर्ने अवस्था बन्यो।
वंशाणुगत गुण र सिप, श्रम तथा अन्य मानवीय प्रतिभाको दृष्टिमा यस्ता जातिहरूमा केही कमी थिएन यी त कलाका धनी थिए। सिप र जाँगर तथा स्वाभिमानी र स्वावलम्बी थिए। उनीहरूको जीवनशैली तथा संस्कार र संस्कृतिमाथि अतिक्रमण हुनाका साथै उनीहरूका जीवनधारका सबै क्षेत्र र साधन खोसिनु र उनीहरू स्वयम् कुण्ठाग्रस्त हुँदै जानु यसका प्रमुख कारण हुन्। यसको दोषी को र किन यस्तो अवस्था आयो ? यसको उत्तर खोज्ने हो भने नेपालमा केही भएन, केही अवसर छैन भन्ने अवस्थाको अन्त्य हुने छ। वंशाणु गुणका उच्चतम विशेषताको जगेर्ना गर्न त्यो वंशले आफ्नो कुल, परम्परा र मर्यादाका साथै कला, कौशल र रक्त शुद्धतामा पनि ध्यान दिएर तदनुरूप नै क्रियाशील हुँदै गर्दा विलक्षण प्रत्युत्पन्नमतिका सन्तान जन्मने अवधारणा शास्त्रले राखेको थियो। जुन जातिको आणुवंशिक विशेषतामा यस्ता गुण अवरुद्ध नभई निरन्तर वंशवृक्षमा पुस्तौँपुस्ता आए, ती जाति जीवनयात्राका क्रममा होस् वा कीर्तिमान कायम गर्ने कुरामा पछाडि परेनन्। यस्ता जाति भयमुक्त भएर विचरण गर्ने हुनाले कुनै सानो सङ्गठन वा कुनै धर्म र कुनै प्रकारको पनि सुरक्षा छाता ओडेर आफ्नो प्रतिरक्षा गर्न उद्यत हुँदैनन्। उनीहरू सम्मानित रूपमा आफ्नो पेसालाई अघि बढाउँदै आर्थिक, सामाजिक विकासमा अघि बढिरहन्छन् र त्यस्तो अवसर राज्यले दिनु पर्छ। यस्तो अवस्थाको अभावकै कारण देशमा केही भएन, केही हुँदैन भन्ने गलत मान्यता स्थापित हुँदै गएको छ। यसबाट देश वृद्धवृद्धाको आश्रयस्थल मात्रै बन्ने त होइन भन्ने चिन्ता बढ्दै गएको छ।
मानिसको जीवनशैली, पेसा, व्यवसायमा मात्र होइन प्रकृतिको पनि संरक्षण गर्नु पर्छ र यसको रक्षा नै मानव जीवनको मात्र नभएर सृष्टि संरचनाकै रक्षा हुन्छ, सन्तुलित हुन्छ भन्ने मान्यता शास्त्रले दियो। त्यही शास्त्र पढेर, परम्परागत रूपमा सिकेर, बुझेर पितापुर्खाले जे गरे, त्यो सबै अवैज्ञानिक भन्दै मास्ने क्रम सुरु भएदेखि नै नेपाली समाजमा भाँडभैलो मच्चिन थालेको हो। कथित आधुनिकताका नाममा आफ्नो विशेषता र आफ्नोपन भुल्ने महाभुलको परिणाम आज वनजङ्गल, खोला, नदी, हिमालदेखि मानिस स्वयम्ले भोगिरहेको छ।
आजको विडम्बना के भने आफूले आफैँलाई चिन्न नसकेर, आफ्नो क्षमतामा आफैँलाई विश्वास नगरेर, अरूको लहैलहैमा लाग्दा हातमुख जोर्नकै लागि विदेशमा कष्टपूर्ण श्रम गर्नुपर्ने बाध्यता आइलागेको छ। यो नेपाल भूमिको गल्ती होइन, नेपाल भूमिमा अथाह स्रोतसाधन छ अनि यहाँ श्रम गर्न सक्ने सिप भएका युवाको कमी छैन। कमी छ उनीहरूको श्रमको सम्मान र मूल्य ? ती दुई कुरा समाजमा स्थापित हुने हो भने नेपालमा अवसर छैन भन्ने भाष्य आफैँ खारेज हुने छ। नेपाली समाजलाई सहिष्णु, श्रममुखी, सिपमूलक बनाउँदै उद्यमशीलताको विकास गर्न वंशाणुगत सिप, कौशल प्रमुख आधार बन्न सक्छ। आज विभिन्न जिल्लाका घरेलु उद्योग कामदार नपाएर धमाधम बन्द हुँदै छन्। यस्तो अवस्था किन भन्दा देशमा श्रम र सिपको सम्मान र मूल्यको अभावले हो। कुनै पनि मुलुकको समृद्धिमा त्यो देशको श्रमशक्ति र कायम रहेको सिपको सबैभन्दा ठुलो हात हुन्छ। कठोर श्रम गर्न सक्ने क्षमता र अपार सिप भएका नेपाली नै समृद्धि नेपालको आधार हुन् र यो विश्वव्यापी रूपमा चिनिएको नेपालको मौलिक संस्कृति पनि हो। यही संस्कृति, सिप, श्रम र परम्परागत ज्ञानको उपयोग गर्दै क्षमता, दक्षता र माटो सुहाउँदो उद्यमशीलता विकसित गर्दै युवामा विकसित हुँदै गएको 'यहाँ केही हुँदैन' भन्ने गलत मान्यता भत्काउने जमर्को गर्दै स्वदेशमै केही अवसर छ, रोजगारी छ, समृद्धिको आधार छ भन्ने मान्यतालाई दह्रोसँग स्थापित गर्नु पर्छ।

पूर्वीय समाजले व्यवस्था गरेको वर्णव्यवस्था जातीय विभेद नभएर आधुनिक अर्थशास्त्रको सिद्धान्त अनुसार श्रम विभाजन मात्र हो। श्रमलाई जातसँग होइन शास्त्रसम्मत सिप, कौशलसँग जोडेर यसको महत्व दर्साउन सकियो भने नेपाली समाजमा हराउँदै गएको आफ्नोपनको गौरव र विशेषता पुनर्स्थापित हुने छ। देशमा श्रम र सिपको सम्मान हुने छ, यसले युवा पलायन रोकिने मात्र होइन, आर्थिक समृद्धिमा नयाँ आधार खडा हुने छ। नत्र मातृभूमिप्रति अन्याय हुने छ।

# ‘बुद्धको देश’ : अब भैंसीको मासुले छिमेकी पोस्न पनि उद्यत ?!?

• व्यंग्यनारान पाँडे

“ मुर्रा....! इन्ड्यान मुर्रा भुइँसीका तिग्रे-गर्धने-जुरे छाउराहेरू !... तेस्सिमा साँढेहरले यो बुद्ध भग्वान जन्मेको पइत्र र अहिम्साको देशको बाटो हुँदै अब ‘ मासु’-मा उल्था भई चाइना पुगेर खाने भए खैनी !... एत्राको वाइँवाइँ न आइँआइँ ! देशका छेरौटीले मर्न नसकेका पोचा जन्ता पढ्केहरमा समविर्दि लेराउने एउडा आर्को मोष्ठ काम गरिबक्सिनु भ’छन् हामेरका ‘बा - आइलप इउ’ मउसुपले एसबाजी सपरिवाल चाइना भर्मनमा ग’र ”... ..... जस्ता के-के दुर्बोध गनगन गर्दै आज निकै सातापछि कमरेड हरिराम पुरेत बाजे मकहाँ आइरथे ।

उनले पनि टाउकामा सँधै हुने चुच्चे ढाका टोपी-सोपी आफलेर काग-स्टाइलको ‘बाल काटेको’ कपाल पाल्न थालेछन् । र, अरूहरू पनि के-के निकै नै परिवर्तन देखें मैले !....उनी उही खुदी-+मर्चा ‘पेट्रा’ हो कि कोदो+मर्चा ‘पेट्रा’ ठस्स गन्हाउने सास ह्वारह्वार फ्याँकेर ख्वाक्-ख्वाक् खोक्तै र स्याँक्-स्याँक् उँभौली सिँगान पनि तान्दैथे घरिघरि !.....

मैले हाँस्तै सोधें -“हन तपाईंको पहिरन र कपालहरूमा ठूलै चेन्ज आ’छ नि कमरेड बाजे ? कि बीचमा अमेरिकातिर घुम्न जानु भएर यतिका दिनपछि रूपै फेरेर आउनु भएको हो हँ ?”

उनले झनक्क तातेको छटा देखाउँदै खस्रो स्वरमा जिब्रो लटपट् याउँदै भने -“ रानीतिकको पोल्टिकल खेल्ने पर्सोनालिटिक भ’को मान्छेले रूप र बोली-वच्चन च्यान्जिङ गर्न नजानेर हुन्छ त ? कुरा गर्छौ सानो केटोले टपरामा पेसाप फेरे जइसो । हन हामेरका ‘बा’-ले तिस्रो खेप पर्दानमन्त्री खाइरँदा समेत ह्वाँको इजोत-पेस्टिच राख्न ह्वाँको जइसेइ जन्ता मख्ख पार्ने बोली-वाक्के हाँक्न सिक्नु भाछैन तपइँहरले ? हन तपइँहेरू निर्दले पञ्चेत वेवस्ताका अःतःकै खलक होऊ कि क्या हो हन !.....

मैले के भनुँ के भनेर सोच्तैथें, उनैले थपे -“भइगो ल, यो टपिक याँहीं डरप गरम् । मलाई ‘माथि’-कै निर्लयबड आउँदो अगामी ‘मिसिन अएट्टी फोहोर’-मा हाम्रो गाम-टोलबड क्यान्द्रीए साम्सत बनाउने सिउरली भइसक्या छ । उइले पाहाडको हामेरको गाममा म गामफर्कको राजभत्त उपपर्दान पञ्च भ’र काङरेज-कमिनिसका टुप्पीबड ध्वाँ छुटाउन सक्रिअ भइराखेका ट्याममा राजदर्बारका राज्जारानीको निर्लय बज्र झैं बजरठिङ्ग हुन्थ्यो, ऐले हामेरका ‘ बा’-का हुकुम नभई कार्रेकर्तादेखुन् साम्सत-उम्सत हुन पा’ त थुक्क ! एउडो पात हल्योस् के एस देशाँ ! यो कुरो नबिस्री बुजिराख । नत्र रभी लाम्मिछानेमा टाँसलेसन होउला । था छ कि छैन ?”

उनले केको सुरमा हो कुन्नि, थुक उछिट्याउँदै यसो पनि भने र म पनि उनलाई गलहत्याएर लगार्ने मनस्थितिमा पुगिसकेको थिएँ । तर, किन हो, उनी एकखेप खत्खत हाँसे र नरम स्वरमा भने -“मेन चइँ टपिकमा डिस्केस गरउँ हओ पाँडेजी, किन गर्मागर्मी फाइट नार्नु !... अन्त तो क्याति अरे ? तो गउँथलीको बाऊ क्या ! आज बेहानको एक्का मर्निङमै लाएछन् क्यार कोदोप्याट्रा हो कि खुदीप्याट्रा र छिमेकिका घर-घरमा गफेडा हाँकेर ’डिस्टर्बिङ’ गर्दै हिन्ने करममा मेरामा आइरथे । ती मान्छे किन बाँच्या हुन्, धर्तीका बोज ! प्वाक्क हुनु नि बरु ।”.....

मैले हलुका हाँसो हाँस्तै सोधें -“ किन र कमरेड पुरेतजी ?”

उनले दाहिने हातका औंला आफूतिर घोप्ट्याएर त्यसका नङमा कट्कटिएका मैला देब्रे हातको चोर औंलाको नङ्ले कोतर्दै भने -“किन र अब ! ती मान्छेको टाउकाभित्र गिदीमा ‘किडनी’ नै छैन कि गिदीका दोडै किडनी कोदोप्याट्राले डेमेच पो भको हो कि , बुद्दिको इन्टेलेक्चोलता पिटिस्सै देख्तिन म !”

उनका लैबरे कुरा सुनेर म एक रील फुल भोल्यूम हाँसें र सोधें -“ किन ? के भने उनले ?”

उनले ख्वाक्क खोके अनि आँगनका बीचमा पर्ने गरी एक रुपैयाँको ठेनी जस्तो बाक्लो-गोलो ढिक्को थुकेपछि भने -“ हुन ता ती पनि हामेरकै ‘बा’-को कान्छी अम्लाको इस्यारामा चलिराख्या ऐलेको ‘लोतन्त्र’-को ‘गनतन्त्रे’ सर्खार हाँकिरएको हामेरकै पाटीका ’एक भोटे कम्रेट’ हुन् र तेसकार्ण उनका कुराको तात्पर्जे मैले अन्करेक् मान्न मिल्दैनथ्थो- करेक् नै मान्नुपर्ने मेरो ‘डिस्पिलिन मैनट्यान’ अन्सार मैले करेक् नै मानें ।”....

उनी भन्दै गए -“के कुरो भन्लाऊ भने, ती क्या त - अस्ति यइ दुई हज्जार एकासी साल मुङसिर सत्र गते सउँबार पर्तिपदा तिथिका दिनको साइतमा हामेरका ‘बा मउसुप’ अस्सी र सात जानाको पल्टनै हाँकिबक्सिनु भई चाइना स्वारी भइक्सेका ट्याममा चाइनाका ठूलाठाला मान्छेले भुइँसी नेपालमै मारेर मासु बनाएर रेगुलर उपलब्द गराइदिने डिमान हामेरका बा समच्छे बिन्ती बिसाछन् क्यार र बाबाट हुन्छ भन्ने हुकुम बक्सेसि एर्रिम्यानमा स्ही-छाप भएको खबर भन्दै हिन्या रान् ती गउँथलीका बाऊ बूढा । र, उनका अन्सार - भूतपूर्वक पर्दानमन्त्री पुस्पकम्बल दाल पर्चन्नको ‘ पिछली, पिछल्लो, पिछल्ला’...धत्तेरिका ! कस्तो हउ, प्राष्टमन्त्री आर्जु राणाको भाकामा मात्तै भन्न आको यो जिब्रालाई ! मेरो मतबल, पर्चन्नको पछिल्लो...हो.... पछिल्लो कार्जेकालमा ह्वाँ इण्डे भर्मनमा गाका ट्याममा इन्ड्यान गोरमेनले दान दिया एत्रा-एत्रा भुसतिग्रे, अल्गा-अल्गा जुरा भका, एएत्रा ह्याकुला र भूस-दानाले थलथल मुर्रा जातका राँगा पनि अब तेतै सुइँकिने सम्भाउना छ पनि भन्थे । देशका बूढा, दुब्लार टाट भका, थारा, रोगले हल्लन् भका भूइँसीका मासुमा ती इण्ड्यान दातब्बेका मुर्राका मासु मिस्किङ गरेर चाइना एस्पोट गर्न पादेखुन् ‘नाफै मूला त कुक्कुर नखा’ पनि भन्थे गउँथलिया बाऊले । आखिर इण्ड्यान मुर्रा हाल हाम्रा पर्तेपच्छेका माउबादीका अदच्छेले न ल्याका हुन, ह्वाँले दानमा ल्याका राँगालाई पाल्न हामेरलाई लागिरछ खाँचो ! इण्डेले ‘ खोइ हामले आपलाई दान दियाहुआ मुर्रा कता गया हाए ?’ भनेर सोद्ने होइन । सोदिहालो भने ‘आपले चाइन्जो ती राँगा पर्चन्नलाई दान दिया है, हामको दिया हाय थोडै, पर्चन्नलाई ही सोदिए’ भन्दा नि माम्लो फिनिस्सिजान्छ क्यारे । एउडा छिमेकी मित्राष्ट इण्डेबड एउडा पर्दानमन्त्रीले भुइँसीका राँगा लेराउने र आर्को पर्दानमन्त्रीले आर्को छिमेकी मित्राष्ट चाइनालाई भुइँसीको मासु बेत्ने वा सप्लाइङ गर्ने कुराको रानीतिक ‘सिकेन्स’ भनेको ख्याल ‘टेसिलो’ हुन्छ त ? रानीतिकको पोल्टिसमा एसरी पो ’कन्जुगल’ मिल्छ त पनि भन्थे गउँथलीका बाऊ ।”

मैले अझ ठूलो हाब्डो बाएर हाँस्तै भनें -“हो त ।”

उनले अझ उत्साही भएर अझ घोर्ले र उत्ताउलो स्वरमा भने-“अन्तखेरी ती तेसरी नेपालका र इण्डेका भुइँसीको काँचो रेडिमेट मासु खान पाउँदा चिन्या जन्ता पनि हेप्पी हुने भएसि इण्डे चाइनाको नाक्निके जोरीपारी सनबन्दको खाल्डो ठ्याप्प पुरिने ‘कन्जुगल’ मिल्छ- मिल्दैन त ? तपइँ नै भन त ! तेसमा पनि इण्ड्यान पर्दानमन्त्री नरेन्द मोधीकै गोठबड दान-दातब्बेमा आको राँगाका समेत मिस्कट ! लु हामेरका मउसुपले यो चइँ कर्म त झन कति बिउटो गरिसेछ कति ! एस चइँ दिष्टिले हामेरका गउँथलीका बाऊले आज बेहानै कोदोप्याट्राले रन्किएर हाँकेका गफ मलाई च्वाँक लागो हउ पाँडेजी, सारै मुन परो गाँठे । र, तपइँलाई छ्यास्स भनिराखम् भन’र एता पस्या ।.....यो बिस्सो रानीतिकको पोल्टिसमै स्यानो उपलब्दिको ‘टपिक’ हो त ? हेर्लाऊ न, अब यो टपिकलाई अम्रिकान, अफ्रिकान, सुइजारल्यान, लण्डन, साउदी, दुबही जइसा इन्टन्यासिनल घरानाका कन्टीहरले ’क्या बात- ठ्याङ्क , भेरी गुट !’ नभनी धर पाउँछन् ?....र, अैले म हिनें पनि । म अति बिज्जी पर्सानालिटिक व्यात्तित्तो , धन्न एतिबेर बसेर कुरो गर्न भ्याइदें पो यार पाँडेजी !”

उनका लोइताँडे कुरा सुन्न मलाई मज्जा लागिरहेको थियो । र, उनी अझै केहीबेर फुइँकी हाँकिरहुन् भन्ने लागेकाले मैले उनलाई त्यसरी नै थमौति गरें, जसरी प्रचण्ड प्रधानमन्त्री भएका बेला उनले भ्रष्टाचारी सावित भएका मुख्य सचिव शंकर बैरागीको खुत्तिइसकेको जागिर थमौती गराएका थिए ।अर्थात्, हरिराम पैसामा सजिलै नचाउन सकिने मनुवा हुन् भन्ने मलाई भलिभाँती थाहा थियो र खल्तीबाट रू.सयको नोट निकालेर देखाउँदै -“लु भन्नोस् त ..” मात्र भनेको थिएँ, उनले ‘कुरो’ बुझिहालेछन् र खिस्स पहेंला दाँत देखाउँदै मलाई उछिनेर भने -“ अँ-अँ, तपइँलाई मुनपर्ने र इन्पोरट्यान कुरो त ‘अहिम्सा र विस्सो शान्तिको अर्गदुद बुद्द भग्वान’ भन्ने सुद्दोदन राजाको छोरोको कुरो न हो । तर, हत्ते-हिम्सा नगर्नु भनेर अर्ति- उपदेश दिने उनको मूर्ति त लुम्भिनीमा न छ । देशको शासकधानीमा रिल्यास गर्न पाकाहरले मान्छे त जिउँदै बेत्न ‘इजिलै’ पाइराख्या छन् भने राँगा-भुइसीलाई मारेर तिनका मासु चोक्ट्या’र खडकुँडोको खडकुँडो बेचे पनि के था पाउँछ तेति टाढाको लुम्भिनीमा भ’को मूर्ति र चिहानहरले, होइन्त ?..... र, अब म याँ आउँदाहुँदी इ एस्सरी नै सइकडा दिने गर्दै जानु क्या ! म ‘मिसिन अएट्टी-फोहोर’-मा रिकोमेन भ’र साम्सत भएसि एतातिर भासण बास्न आका बेला अरू-अन्ने कुरा भासनमै भएभरको गुड्डी हाँकेर खुसी पारिहाल्छु नि - हामेरका ‘बा’-ले जइसइ । ल, अब चइँ इन्र्या बाऊ चन्द्रेले रोके पनि मरेकाट्टे रोकिँदिन क्या !”.....

उनी लम्फ्याङ-लम्फ्याङ गइरहेतिर निर्वाक र ट्वाल्ल परेर हेर्नुबाहेक विचरा म, ‘हिजोआजको जनता’, अरू के नै गर्न पो सक्थें र !!.....

# दुई दलीय संयन्त्रद्वारा १० बुँदे मागपत्र पेश

झापा(प्रस) । झापा जिल्लास्थित सत्तारुढ दुई दलीय संयन्त्रले प्रधानमन्त्री केपी शर्मा ओलीलाई १० बुँदे मागपत्र बुझाएको छ । जिल्लाका विभिन्न पालिकाहरुले आ-आफ्ना पालिकाका समस्या प्रधानमन्त्रीलाई पेश गरिरहँदा दुई दलीय नेपाली कांग्रेस र नेकपा एमालेको संयन्त्रले पनि जिल्लाका विभिन्न समस्याबारे ध्यानाकर्षण गराएको हो । भद्रपुरस्थित अलपत्र गिरिजाप्रसाद स्मृति भवन पूरा गर्नुपर्ने , जिल्लास्थित जनताको तटबन्धको कार्यालयले हेर्ने नदीहरु नियन्त्रण गर्न लागि तत्कालै बजेटको ब्यबस्थापन गरिनुपर्ने माग गरिएको छ । त्यस्तै



कन्काई बहुउद्देश्यीय परियोजना,. झापा- सुरुङ्गा- दानावारी- इलाम सडक, जिल्लास्थित सम्पूर्ण अव्यवस्थित बसोबासलाई धनीपुर्जा बितरण, हुलाकी सडकका पुलहरुको ढिलासुस्ती , हात्ती आतंकको समस्या , नेपाल बङ्गलादेश पारवहन मार्ग , पूर्वी नाका काँकरभिट्टामा भारतसंगको रेलवे कनेक्टिभिटी र दक्षिणी बङ्गाल र नेपालको बोर्डरको समस्याका बारेमा प्रधानमन्त्री ध्यानाकर्षण गराइएको नेपाली कांग्रेसका जिल्ला सभापति देउकुमार थेबेले जानकारी दिएका छन् ।

## मेचीनगरले...

नगरपालिका क्षेत्रभित्र सुविधासम्पन्न रंगशाला र अन्तर्राष्ट्रिय सिमाना काँकरभिट्टामा रहेको बसपार्कलाई टर्मिनल भवनसहितको सुबिधासम्पन्न बसपार्क निर्माण गर्न आग्रह गरिएको छ ।

उपप्रमुख उप्रेतीका अनुसार मेचीनगर २ र ३ मा भावना चोक र भृकुटी जोड्ने निन्दा खोला, मेचीनगर १५ मा पर्ने चौधरी चोक हेल्दुबारी जोड्ने निन्दा खोलामा पुल, निर्माणाधिन सुकेनिन्दा खोलामा पुलको निरन्तरता, मेचीनगर–१ को तिरिङ खोलामा पुल, कालिका सामुदायिक वनबाट मेचीनगर वडा नम्बर ११ जाने बाटो हडिया खोला पुल, मेचीनगर –११, बाहुण्डाँगी बजारबाट भारत नक्सलवारी बजार जाने बाटोमा पर्ने मेची नदीमा झोलुङ्गे पुल, मदन भण्डारी मार्गको पूर्वी प्रारम्भ विन्दु पाटापुर र भारतको पश्चिम बंगाल जोड्ने मेची नदीमा झोलुङ्गे पुल,मेचीनगर १५ को ग्वालाबस्तीसम्म पुग्न मेची नदीमा झोलुङ्गे पुल, महल्याचोकबाट पश्चिम मेचीनगर वडा नम्बर ३ वडा कार्यालयसम्म जाने निन्दा खोलामा झोलुङ्गे पुल निर्माणका लागि योजना तथा कार्यक्रम समावेश छन् ।

यसैगरी, सडकतर्फ संघीय निर्वाचन क्षेत्र स्तरीय रणनीतिक सडक राधास्वामी भावना चोक, स्याङ्गलेटार, इलाम जोड्ने सडकको निरन्तरता,मेची करिडोर( काँकरभिट्टा-बाहुनडाँगी-सलकपुर) को निरन्तरता, मेचीनगर रिङरोड सडक, बुद्धशान्ति गाउँपालिकाबाट लवनडाँगी-धाइजन- दुहागढी र पुहातुवारी जोड्ने करीव १२ किलोमिटर सडक, हात्ती रिसोर्टबाट मानव सेवा आश्रम हुँदैं उत्तर जाने सडक, तेलीबारी-मैनालीवारी सडक, सघन शहरीको कार्यक्रमअन्तर्गत विभिन्न सडकहरुको निर्माण, मेचीनगर वडा नमबर ५, ६ र ८ हुँदैं मेचीनगर २ जोड्ने सुवर्णमार्ग समेत समावेश गरिदिन अनुरोधपत्रमा उल्लेख छ ।

## अलपत्र...

प्रधानमन्त्री तथा नेपाली काँग्रेसका सभापति सुशिल कोइराला, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड), नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, तत्कालीन सांसद कृष्णप्रसाद सिटौला, तत्कालीन मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) का अध्यक्ष विजयकुमार गच्छदारले भव्य समारोहकाबीच संयुक्तरूपमा जीपी भवनको शिलान्यास गरेका थिए । सोही तथ्यलाई सम्झाउँदै नगरपालिकाले प्रधानमन्त्री झापा आएको बेला कानूनी जटिलता भए हटाइदिएर निर्माण सम्पन्नको वातावरण बनाइदिन माग गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको बजेट र तत्कालीन जिल्ला विकास समिति (हाल जिसस) को स्वामित्वमा भवन बन्न सुरु भएको थियो ।

प्रेरा-शाह जेभी निर्माण कम्पनीले १२ करोड ७२ लाख ६९ हजार रूपैयाँको लागतमा भवन निर्माणको ठेक्का लिएको थियो । दुई वर्षभित्र अर्थात् २०७४ असोज २८ गतेसम्म भवनको काम सम्पन्न गरिसक्नुपर्ने सम्झौतापत्रमा उल्लेख गरिएको छ । निर्माणाधीन भवनको लम्बाई ५३ मिटर र चौडाइ ३४ मिटर रहेको छ । सो भवनको पहिलो तलामा व्यावसायिक उद्देश्यका लागि २७ वटा सटर निर्माण गरिनेछ । त्यस्तै दोस्रो तलामा दुई वा तीन वटा बैंक अटाउने फ्ल्याट र तेस्रो तलामा एक हजार जना अटाउने क्षमताको अत्याधुनिक सभाहल बनाइने गरी प्लानिङ गरिएको छ । जसमा ९६ वटा पिलर रहेका छन् भने प्रत्येक पिलर दुई फिट दुई इन्चको वर्गाकारमा फैलिएको छ । नौ वर्षको अवधिमा निर्माण कम्पनीले तीन तलाको फाउन्डेसन उठाएर त्यत्तिकै छाडिदिएको छ भने भवन निर्माणको काम बन्द भएको पनि ६ वर्ष पूरा भइसकेको छ ।

भद्रपुर नगरपालिकाका प्रमुख पोखरेलले करिब ९ करोड रुपैयाँ खर्च भइसकेर पनि जीपी भवनले पूर्णता पाउन नसक्नु दुःखद भएको अवगत गराउँदै प्रधानमन्त्री ओलीलाई आफ्नो नगरमा अलपत्र परेको यो भवनको पूर्णताका लागि आफूले पदभार सम्हालेयता लगातार पहल गर्दै आएको तर, उपलब्धी हासिल हुन नसकेको जानकारी दिए । उनले कुनै बाधा-अड्चन भए सरकारले तत्काल निर्णय गरेर ती अड्चन फुकाएर यथाशीघ्र भवन निर्माण गर्नेतर्फ सोचिदिन प्रधानमन्त्रीलाई आग्रह गरेका थिए । यस्तै साविक पृथ्वीनगर गाविस हाल भद्रपुर नगरपालिका ३ सूर्यनगरस्थित अरनिको माध्यमिक विद्यालयको अलपत्र अवस्थामा छाडिएकै भवनमा विद्यार्थी वर्षौंदेखि जोखिम मोल्दै पठनपाठन गर्न बाध्य छन् । ३२ कोठे दुई तले विद्यालय भवन अधुरो छाडेर निर्माण कम्पनीका ठेकेदार सम्पर्कविहीन बनेको पनि वर्षौं भयो । तत्कालीन जिल्ला विकास समितिको मातहतमा निर्माण थालनी भएको भवन निर्माणको स्वामित्व विवाद समेतका कारण भवन नबनेकाले कक्षा कोठामा बिजुली बत्ती, पंखा जडान हुन सकेको छैन । खानेपानी र शौचालयको समस्या पनि त्यस्तै छ । विद्यालयको गेटसँगै वरिपरि घेराबारा नहुँदा विद्यार्थी र शिक्षक दुवै असुरक्षित महसुस गर्न बाध्य छन् ।

विद्यालयले १४ वर्षयता सुविधासम्पन्न भवनको आशमा कष्ठकर पठनपाठन गरिहेको छ । भारतीय दूतावासको आर्थिक सहयोगमा सुविधासम्पन्न भवन बन्ने आश देखाइएपछि २०६७ सालमा काठेभवन हटाएर पक्की भवन निर्माण थालिएको विद्यालय निर्माण अलपत्र पर्दा कष्टकर पठनपाठन भइरहेको छ । २०६७ सालमा ३ करोड ८६ लाखमा राजधानी कन्स्ट्रक्सन काठमाडौंका सुवास लामाले भवन निर्माणको लागि ठेक्का लिएर करिव चार वर्षपछि अर्थात् २०७१ साल चैतदेखि भवन निर्माणको काम सुरु गरेपनि बिचमा काम अलपत्र छाडेपछि समय गुज्रिएर म्याद थप भएको छैन । २०७४ सालदेखि भवन निर्माण खातामा १५ लाख जति रकम भुक्तानी नभइ बसिरहेको छ ।

# पन्ध्र प्रतिशत जनता करमा दर्ता

झापा(प्रस) । मुलुकको कुल जनसंख्याको १५ प्रतिशत कर प्रयोजनका दर्ता भएको पाइएको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको पछिल्लो विवरण अनुसार त्यस्तो प्रयोजनका लागि स्थायी लेखा नम्बर लिने व्यक्तिगत करदाताको संख्या ४४ लाख १० हजार ४४६ पुगेको हो । जुन कुल जनसंख्याको १५.१२ प्रतिशत हुन आउँछ । चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रैमासिकसम्मको उक्त विवरण अनुसार साउनदेखि असोजसम्मको अवधिमा एक लाख ६१ हजार ७१४ जना व्यक्तिगत करदाता थपिएका छन् । थपिएको उक्त संख्यासँगै व्यक्तिगत करदाताको संख्या ४४ लाख नाघेको हो ।समीक्षा अवधिमा २ ९ हजार ३४४ ले व्यावसायिक स्थायी लेखा नम्बर लिएका छन् । यससँगै व्यावसायिक स्थायी लेखा नम्बर लिनेको कुल संख्या १९ लाख ७३ हजार ४४५ पुगेको छ । कर कट्टी गर्ने निकायले लिने स्थायी लेखा नम्बरको संख्या ३४ हजार ६५ पुगेको छ । यसबिचमा केवल ७३७ वटा त्यस्ता संस्थाले यस किसिमको स्थायी लेखा नम्बर लिएका छन् । उद्योग, व्यवसाय, पेसा, रोजगारी गर्ने व्यक्तिले आफूले गर्ने कारोबार, जारी गर्ने बिलबीजकसहित करसम्बन्धी सम्पूर्ण विवरणमा स्थायी लेखा नम्बर अनिवार्य गरिएकाले यसमा सहभागी हुनेको संख्या बढ्दो छ ।

सरकारले आव २०७६/७७ मा एक व्यक्ति एक स्थायी नम्बरको अवधारणा अघि सार्दै प्रत्येक कारोबारका लागि यस्तो व्यवस्था अनिवार्य गरेपछि दर्ता हुनेको संख्या त्यसयता निरन्तर बढिरहेको मन्त्रालयकै विवरणले देखाउँछ । यसबाहेक तीन महिनाको अवधिमा छ हजार ४६३ वटा फर्म मूल्य अभिवृद्धि करमा दर्ता भएका छन् । थपिएको उक्त संख्या मुअकरमा दर्ता हुनेको कुल संख्या तीन लाख ३३ हजार ८८० पुगेको अर्थ मन्त्रालयले जनाएको छ । अन्तःशुल्कमा दर्ता हुनेको संख्या अहिलेसम्म एक लाख २० हजार ६५५ पुगेको छ । समीक्षा अवधिमा तीन लाख २८७ वटा फर्म अन्तःशुल्कमा दर्ता भएका छन् ।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६९८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५५५०१५०

उर्लाबारी
रुपेन्द्र शर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: वाणीमा कुशलता आउने दिन परेको छ । मिल्ने साथीको सुझावले महत्त्वपूर्ण

वृष: वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

मिथुन: आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

कर्कट: धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

सिंह: आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

कन्या: चोटपटक पनि लाग्न सक्छ । यात्रा गर्ने अवसर पनि जुट्नेछ ।

तुला: आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

वृश्चिक: पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

धनु: आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

मकर: आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

कुम्भ: मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

मिन: कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।